सर्वोच्च अदालत, संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

## संक्षिप्त आदेश

०७८-WC-००१२

भक्तराज भारतीसमेत ---------------------------------------------------- निवेदक

विरूद्ध

राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौंसमेत -------------------------- प्रत्यर्थी

०७६-WC-००३०

ओमप्रकाश मिश्र ---------------------------------------------------------- निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौंसमेत ------------------- प्रत्यर्थी

०७८-WC-०००४

अधिवक्ता ओम प्रकाश अर्याल ---------------------------------------------- निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौंसमेत ------------------- प्रत्यर्थी

विषयः उत्प्रेषणसमेत।

१. यसमा निवेदन पत्र सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी रिट निवेदक तथा प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ग, १२ङ, भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६क, अनुसुची ५क लगायतका प्रावधानहरु नेपालको संविधानमा

रहेका प्रावधानसँग बाझिएको अवस्था नदेखिँदा सो भूमि सम्बन्धी ऐन र नियममा रहेका विवादित प्रावधान बदर हुनुपर्छ भन्नेतर्फ रिट निवेदन जिकिर पुग्न सक्दैन ।

३. नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८।१।१३ को प्रत्यर्थी गिरीवन्धु टि स्टेट प्रा.लि.लाई ३४३-१९-१२ बिगाहा जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने विवादित निर्णय भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ग लगायतका कानूनी प्रावधान अनुकूल नदेखिएको र अपरिपक्व प्रकृतिको देखिएको हुँदा उत्प्रेषणको आदेशले उक्त निर्णय र सो बमोजिम भए गरिएका काम कारवाहीसमेत बदर हुने ठहर्छ।

४. सामान्यतया हदबन्दी भन्दा बढी भएको जग्गा जफत नै गर्नुपर्ने हुन्छ। यस मान्यतामा अन्यथा प्रतिकूल असर नपर्ने गरी जग्गाको क्षेत्रफल, चिया उत्पादन हुने क्षमता, सम्भाव्यता, सट्टापट्टा हुने जग्गाको समानुपातिक सुनिश्चितता, सट्टापट्टा गरिने जग्गाको मूल्यसमेतका समग्र प्राविधिक तथा व्यवस्थापकीय विषयहरु एकीन भएपछि भूमि सम्बन्धी ऐन लगायत सो सम्बन्धी अवधारणा अनुकुल हुने गरी मात्र हदबन्दी भन्दा बढी भएको जग्गाको व्यवस्थापन गर्नु गराउनु भनी प्रत्यर्थी नेपाल सरकारका निकायहरुका नाममा परमादेश जारी हुने ठहर्छ।

५. प्रस्तुत संक्षिप्त आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिनू। आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

न्यायाधीश　न्यायाधीश　न्यायाधीश　न्यायाधीश　प्रधान न्यायाधीश

इति संवत् २०८० साल माघ २४ गते रोज ४ शुभम् -------------------------------।